स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कार्म र मेनुका प्रधान अभिनित फिल्म 'महानगर' आगामी भदौ ८ गते देशव्यापी प्रदर्शनमा आउँदैछ । रिलिज मिति नजिकिएसँगै प्रचारप्रसार लाई तीव्र बनाएको मोहन राई निर्देशित फिल्मले सोमबार पत्रकारहरुसँग अन्तर्क्रिया गरेको छ । अन्तर्क्रिया कार्यक्रमा 'महानगर'का निर्देशक मोहन राईले फिल्मबाट आफू निकै आशावादी रहेको बताए । आफू काठमाडौं आएपछिको भोगाइलाई पनि केही मात्रामा फिल्ममा उतार्ने कोसिस गरेको उनले सुनाए ।

आजको विचार...



अभिव्यक्ति...
(दुई पेजमा)

प्रा. देवीभक्त ढकाल

स्वस्तिमा खड्का र मुकुन भुसालको मुख्य भूमिका रहेको फिल्म 'ऐंचो पैंचो'को ट्रेलर सार्वजनिक भएको छ । आगामी भदौ १४ गते रिलिज हुने तयारीमा रहेको फिल्मको सोमबार काठमाडौंमा आयोजित कार्यक्रमा ट्रेलर सार्वजनिक गरिएको हो । ट्रेलर रिलिज कार्यक्रममा नेकपा एकीकृत समाजवादीका नेता एवं पूर्वमन्त्री प्रेमबहादुर आले प्रमुख अतिथिको रुपमा उपस्थित थिए । कृषा चौलागाईं निर्देशित फिल्मको ट्रेलरमा राजनीतिले देश र समाजमा पारेको प्रभावलाई नजिकबाट देखाउने कोसिस गरेको देखिन्छ ।



❒ वर्ष २९ ❒ अंक ३१ ❒ २०८० साउन ३१ गते बुधबार 16 August 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### पेट्रोलपम्पमा आगो लाग्दा २७ को मृत्यु

(रासस/एएफपी)

**मस्को,** साउन ३०/रुसको ककेसस गणतन्त्र दागेस्तानमा रहेको एक पेट्रोल पम्पमा आगलागीसँगै विस्फोट हुँदा २७ जनाको मृत्यु भएको ६ भने सयभन्दा बढी घाइते भएका छन् ।

आपतकालीन प्रतिकार्य मन्त्रालयका अनुसार माखचकलामा रहेको पेट्रोल पम्मपमा सोमबार राति उक्त दुर्घटना भएको हो । अग्नि नियन्त्रण कार्यालयका साथै सुरक्षा निकायको सहयोगमा आगो पूर्णरुपमा निभाइएको छ । रूसी स्वास्थ्य मन्त्रालयले भने मखाचकलाका अस्पतालमा धेरै घाइते भर्ना भएका र मृतकको संख्या बढ्नसक्ने बताएको छ । दागेस्तानका प्रमुख सर्गेई मेलिकोभले पत्रकारहरूसँगको कुराकानीमा दुर्घटनाको अनुसन्धान भइरहेको जनाउँदै व्यक्तिगत लापरबाहीका कारण घटना भएको हो वा होइन भन्ने यकिन भइनसकेको बताएका छन् ।

दुर्घटनाको खवर प्राप्त हुने बित्तिकै सुरक्षालगायत अन्य सम्बद्ध निकायका अधिकारी घटनास्थल पुगेर नजिकको बस्तीका मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो ।

# बाँध र निकास नहुँदा डुबानको समस्या

**रामविकास चौधरी (रासस)**

**लुम्बिनी,** साउन ३०/लुम्बिनी सांस्कृतिक नगरपालिका-२ भरथापुरका भुलई धुनियाको घर खोला तटबाट एकसय मिटरभित्र छ । बर्खाको समयमा दानव खोलाको बाढीले बर्सेनि घर डुबानमा पर्ने हुनाले उनलाई गाउँमा रहेको आश्रयस्थलमा बिताउनुपर्ने बाध्यता छ ।

दानव खोलाको बाढीले जग्गा कटान गर्दै खोला बस्तीतर्फ लम्किँदैछ । हजारौं बिघा खेतीयोग्य जमीन कटान भएको छ । कैयौं परिवार विस्थापित भइसकेका छन् । "बर्खासँगै हाम्रो दुःखका दिनको सुरुआत हुन्छ, बर्सातको रात त्रासमै बित्छ, बर्खाको मौसम सकिएपछि मात्र सुरक्षित महसुस गर्छौं", ६५ वर्षीय भुलई धुनियाले भने, "बाबु-बाजेले भोग्दै आएको त्यो दुःखबाट हाम्रा सन्ततिले कहिले छुटकारा पाउलान् ?" खोला किनारमा जम्मा दुई किलोमिटर बाँध र तटबन्ध निर्माण भए बाढीको समस्याबाट बस्ती र जग्गाजमिन जोगाउन सकिने सोही गाउँ बस्ने ८५ वर्षीय सोमइ मल्लाहको भनाइ छ । "धेरै पहिलाको कुरा हो, भरथापुर गाउँ उत्तर-दक्षिण सर्पाकारमा बगेको दानव खोलाको पश्चिमी तटमा थियो । गाउँ घेरेर सर्पाकार बगेको दानवले बाटो



सिधा फेरेपछि घर-जग्गा गुमाउँदै हामी पूर्व भयौं, कटान र डुबान अहिलेपनि उस्तै छ, अब कहाँजाने ?", चिन्ता व्यक्त गर्दै उनले भने ।

कूल ८८ घरधुरीका भरथापुरबासीको पीडा धुनिया र सोमइ मल्लाहकै जस्तो छ । उनीहरूका लागि दानव खोलाको बाढी र डुबानबाट जोगिन बाढी प्रतिकार्य तथा पुनर्लाभ परियोजनाले गाउँमा बनाइदिएको सुरक्षित आश्रयस्थल एकमात्र सहारा बनेको छ । जिल्ला समन्वय समिति रूपन्देहीबाट रु तीन लाख ५० हजार, परियोजनाको तर्फबाट विकास तथा प्रकोप व्यवस्थापन केन्द्र र कारितास नेपालको रु १४ लाख ६० हजार तथा स्थानीयको श्रमदानमा भरथापुरको रामजानकी मन्दिर हातामा २०७४ मा सो आश्रयस्थल निर्माण भएको हो ।

कोटहीमाई गाउँपालिका वडा नं १, २ र ५ को सिमाना दुइमोहान भन्ने ठाउँ दानो र तिनाउ खोलाको सङ्गमस्थल हो । दुवै खोला जोडिएको त्यो ठाउँबाट दानव खोलाको बाढीले बढी नै क्षति गर्ने गरेको स्थानीयवासी बताउँछन् । दानव खोलाबाट हुने कटान र डुबान भरथापुरवासीका लागि नियमित र निकै पुरानो व्यथा बनेको छ । भरथापुर गाउँको पश्चिम किनारामा दानव खोला, उत्तर, पूर्व र दक्षिण तर्फबाट (दानवले वर्षौं पहिला बाटो फेर्दा छोडेको) छुटनवारा नालाको पानीले घेरेर भरथापुर 'समुद्र बीचको टापू' जस्तै देखिन्छ । खोला उर्लेर चारैतिरबाट घेरेपछि खोज-उद्धार गर्नुपर्ने बाध्यता छ । सदिऔंदेखिको भरथापुरबासीको बाढी पीडा २०६६ देखि व्यापकरूपमा बढेको र जिल्ला विपद् व्यवस्थापन समिति रूपन्देहीले पनि विपत् पूर्वतयारी प्रतिकार्य योजनामा बाढीको जोखिमपूर्ण गाउँका रूपमा उल्लेख गरे पनि राहत वितरण र उद्धारबाहेक समस्या समाधानको काम हुन नसकेको नमूना एकीकृत विकास परिषदका ज्ञानु पौडेलले बताए । "बाढीको पीडामा राहतका प्याकेज बोकेर दर्जनौं सैसंस्थाको ताँती लाग्छ, तर राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्था समेतले राम्ररी चिनेको भरथापुरको बर्सेनि व्यथालाई स्थायी समाधानको उपाय कतैबाट छैन ।" लुम्बिनी साँस्कृतिक नगरपालिका-२ का पूर्व वडाध्यक्ष रमेश निसादले गुनासो पोख्दै भने, "हामीलाई राहत होइन, सुरक्षित बासको उपाय चाहियो ।" सामुदायिक विपद व्यवस्थापन समिति राष्ट्रिय सञ्जाल नेपालका अध्यक्ष जगन्नाथप्रसाद कुर्मीले पनि भरथापुरमा राहतका प्याकेजभन्दा अग्लो बाँध र तटबन्धको आवश्यकतामा जोड दिए ।


नगरपालिकाले भरथापुरमा कटान र डुबान नियन्त्रणका लागि संघ र प्रदेश सरकारसँग स्थायी समाधानका लागि निरन्तर समन्वय गरिरहेको नगर प्रमुख सजरुद्दीन मुसलमान बताउँछन् । सोही क्षेत्रबाट निर्वाचित लुम्बिनी प्रदेशसभा सदस्य कन्हैया बनियाँले निर्वाचनमा पनि बाढीको समस्या समाधान गर्ने एजेण्डामा प्रतिबद्धता व्यक्त गरेको स्मरण गर्दै भने, "दानव खोलाको कटान र डुबान नियन्त्रणका लागि खोलामा तटबन्ध र बाँधको योजनालाई कार्यान्वयन गर्न पहल गरिरहेका छौं ।" तत्काल सो क्षेत्रमा बाढीका कारण हुनसक्ने क्षति कम गर्न आवश्यक तयारी थालिने उनको भनाइ छ । लुम्बिनी प्रदेश सरकारका प्रवक्ता एवं गृहमन्त्री सन्तोषकुमार पाण्डेले दानवले बर्सेनि लाखौंको क्षति गर्दै आएकोतर्फ प्रदेश सरकारको ध्यान केन्द्रित भएको बताए । रूपन्देहीको दक्षिणी सीमावर्ती क्षेत्रमा दानव-तिनाउ खोलाबाट हुने विपद् न्यूनीकरणको लागि अग्लो बाँध र तटबन्धका साथै अन्य सहायक खोला नालामा सरसफाइ तथा पानी निकासको प्रबन्ध मिलाइने उनको भनाइ छ ।

विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुनसक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## देशभर डेङ्गु संक्रमण बढ्दै, सतर्कता अपनाउन आग्रह

**पाल्पा,** साउन ३०/देशभरि डेङ्गुको संक्रमण दैनिक बढिरहेको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार हाल देशभरि ७४ जिल्लामा डेङ्गुको संक्रमण फैलिँदा १३ हजार दुई सय ९२ जना बिरामी परेका छन् ।




डेङ्गुको सङ्क्रमणबाट हालसम्म १० जनाको मृत्यु भइसकेको छ । महाशाखाका निर्देशक डा. रुद्रप्रसाद मरासिनीले लगातार परिरहेको पानीका कारण तथा सरसफाइमा ध्यान नदिँदा डेङ्गुको संक्रमण बढिरहेको बताए । उनले दैनिक संक्रमण बढिरहेकाले सतर्कता अपनाउनु आग्रह गरे । "दैनिक डेङ्गुको संक्रमण बढिरहेकाले सरसफाई सहित लामखुट्टेबाट बच्न सतर्कता अपनाउनुपर्दछ", निर्देशक डा.मरासिनीले भने, "डेङ्गु संक्रमण भदौ र असोजमा उच्च हुने जोखिम छ ।" नेपालमा पहिलो पटक सन् २००४ मा डेङ्गुको संक्रमण देखिएको थियो ।

सन् २०२२ मा ५४ हजार सात सय ८४ जना डेङ्गुबाट सङ्क्रमित भएका थिए भने यसबाट ८८ जनाको मृत्यु भएको थियो । मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैं झूल टाँगेरमात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ । यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्न र घर वरिपरी गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिन आग्रह गरेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## लोकतन्त्र खतरामा

**सरकार फेरिए पछिका नयाँ तरङ्गहरु बेला-बेलामा आउने गर्छन् । यो पटक पनि प्रचण्ड प्रधानमन्त्री भएपछि उतार चढाव भइरहेका छन् । कहिले सुनकाण्ड त कहिले जग्गाकाण्डका कारण विभिन्न खालका विविध शैलीमा राजनैतिक व्यक्तित्वहरु प्रति उनीहरुका खराब क्रियाकलापको राज्य र जनस्तरबाट भण्डाफोर हुँदै गएको अवस्था छ, अहिले । यसले गर्दा अब राजनैतिक वृतमा नयाँ र स्वच्छ छवि भएकाहरुको दिन फर्कन्छ कि भन्ने आशा पनि पलाएको अवस्था छ । मुलुकमा भएका ठूला-ठूला राजनैतिक परिवर्तनमा महत्वपूर्ण योगदान गर्ने पुराना कतिपय नेताहरु पद र जिम्मेवारीको दुरुपयोग गरेर अनिमितताको पोखरीमा डुबुल्की मारेका कारण राजनीतिमा नयाँ पुस्ताहरुको वितृष्णा बढेको अवस्थामा गलत गर्नेहरुलाई कार्यवाही गर्ने काम शुरु भएपछि अब सही र गलतको पहिचान राम्रोसँग हुने भएको छ ।**

**पुरानादलका कतिपय नेताहरु इमानदारिताका प्रतिमूर्तिका रुपमा स्थापित भएको भएपनि कतिपयका गलत क्रियाकलाप र लाभको पदको दुरुपयोगका कारणले गर्दा सबै दल र सबै नेतालाई एउटै घानमा हालेर हेर्ने प्रचलन आफैमा गलत हो । यसले असल र खराब बीचको दुरीलाई पहिचान गर्न अत्यान्तै गाह्रो हुन्छ । त्यसकारण इमानदारलाई बेइमानको कित्तामा राख्ने खालका यदाकदा देखिएका प्रवृतिहरु पनि आफैमा नियमित छैनन् । त्यसकारण नियमितताको लागि सबै दलहरुले इमान र वेइमान राजनेताहरु बीचको फरकपनालाई पहिल्याएर मात्र जिम्मेवारी दिने प्रचलन बसाल्ने हो भने, देशले अनियमितताको पगरी गुथ्नै पर्ने अवस्था रहदैन । राजनीतिलाई कमाउनीतिका रुपमा विकसित गर्ने परिपाटीको अन्त्य, देश र जनताप्रति नेताहरु समर्पित नहुँदासम्म मुलुकले नयाँ परिवर्तनको अनुभूति गर्न सक्दैन भन्ने कुरालाई आत्मसात गरेर अगाडि बढ्नुको कुनै पनि विकल्प छैन । यो कुरालाई मनन् गरिएन भने वडो दुःखले ल्याएको लोकतन्त्रले संस्थागत नहुँदै मृत्युवरण गर्ने खतरा कायमै रहन्छ ।**

## Opinion @ Social Network

मलाई मृत्युसँग भन्दा यादसँग बढी डर लाग्छ । मृत्युले एक पटक मार्छ तर, यादहरुले अतित पल्टाइ-पल्टाइ सम्झाइ-सम्झाई पटक-पटक मार्छ ।


(**मिला दरैको फेसबुक स्टाटस** *https://www.facebook.com/mk.mila*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अभिव्यक्तिका कारण लज्जित मेरो देश



प्रा. देवीभक्त ढकाल

मौसम र समयले दिनलाई मात्रै प्रभाव पार्दैन, मानिसको मन-विचार र भावनालाई समेत प्रभाव पार्छ । दिन एकनास नभए जस्तै ती दिनहरूमा मन पनि एकनास हुँदैन । प्रकृति र मनबीच अन्योन्याश्रित सम्बन्ध र समानता हुन्छ । गर्मी-ठण्डी, लामा-छोटा दिन, वर्षा-झरीबादल आदिले प्रकृतिको परिवर्तनशीलतालाई प्रमाणित गर्दछन् । मन पनि प्रकृति सँगसँगै परिवर्तनशील छ । विषयवस्तुलाई सम्बन्धित व्यक्तिले कसरी नियाल्छ त्यसकै आधारमा आफ्ना विचार, भावनालाई मौखिक र लिखित रूपमा अभिव्यक्त गरिन्छ । व्यक्तिका अनुभव मौखिक, लिखितमा अभिव्यक्त हुँदा हामीले फरक-फरक शैलीमा सुन्न सक्छौं र फरकफरक शैलीमा पढ्न पाउँछौं । मौखिक र लिखित अभिव्यक्तिमा भिन्नता हुन्छ । लिखित भाषा मर्यादित र संयमित हुन्छ । मौखिक भाषामा शिष्टता, मर्यादा बारे धेरैले बेवास्ता गर्दछन् । त्यो बेवास्ताले व्यक्तिको योग्यता, सामाजिक स्तर, शालीनता र शिष्टताको परीक्षण गर्छ । त्यसैले दुवै लिखित र मौखिक अभिव्यक्तिलाई सभ्य समाजमा कसरी मर्यादित र स्तरीय बनाउने भन्ने चिन्तन हुन्छ ।

भाषाको शुद्धता, शिष्टता सभ्य समाजको परिचय हो । जीवनका धेरै वसन्त यस्ता अनुभव, अनुभूतिहरूको संकलनमा बित्छन् तर ती अनुभूतिको समीक्षा कति गर्छौं ? यो विषय व्यक्ति र घटना सापेक्ष हुन्छ । सबै घटनालाई सम्झन र टिप्पणी गर्न साध्य हुँदैन । टिप्पणी मन मात्रैले हुँदैन । मौखिक र लिखित अभिव्यक्ति कलाको आवश्यकता हुन्छ । अभिव्यक्ति कलासम्बन्धी पाठ्यक्रम हाम्रो शिक्षामा नहुँदा हाम्रो समाज औपचारिक अभिव्यक्ति कलाबाट शिक्षित र दीक्षित छैन । त्यसैले होला नेताहरूका लिखित अभिव्यक्ति शून्य प्राय: पढ्न पाउँछौं भने मौखिक अभिव्यक्तिमा पनि सभ्य र शिष्टताको नितान्त खडेरी देखिन्छ । तिक्तता, गालिगलोज, घोचपेच नेपाली नेताहरूको पहिचान बन्यो । यो असभ्यता र अपरिपक्वताको परिचय हो, अपरिपक्वताका कारण उनीहरूमा विषयवस्तु बुझ्ने क्षमता कम छ । जसले विषयवस्तु बुझ्दैन, उसले न व्याख्या गर्नसक्छ न समाधान दिनसक्छ । राजनीति, शिक्षा र समाजलाई यस कोणबाट नियाल्ने हो भने थुप्रै कमजोरी भेटिन्छन् । त्यस कमजोरीलाई स्वीकार गर्ने र आत्मसात गर्ने चरित्र नहुँदा वर्षौंसम्मको अभ्यासपछि सांसदको बोली-व्यवहारमा शिष्टाचारको खडेरी देखिन्छ । यो राष्ट्रिय बेइज्जती हो । मानिसको चारित्रिक विकासको प्रत्यक्ष सम्बन्ध भौतिक विकासमा पर्छ । भौतिक विकासको पूर्वाधार मानिसको चारित्रिक विकास हो । त्यसैले देश र समाजको परिस्थितिलाई सुधार्ने पूर्वाधारको रूपमा रहेको चारित्रिक विकासको अभावमा भौतिक विकास पूर्णत: असफल प्रमाणित भएको विषयलाई जिम्मेवारहरूले लाज नमानीकन स्वीकार्नुपर्छ । भारतीय मूलका ट्रक व्यवसायी सरदार प्रितम सिंहको विषयमा लेखिएको पुस्तकको विमोचन समारोहमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा सार्वजनिक भएको अभिव्यक्तिले उनी अभिव्यक्ति कलामा कति कमजोर र अपरिपक्व रहेछन्, स्वयंले खुलासा गरे । यस्ता कार्यक्रममा प्रधानमन्त्री जान हुने वा नहुने छुट्टै बहसको विषय हुनसक्छ । एउटा भारतीय मूलको ट्रक व्यवसायीले मलाई प्रधानमन्त्री बनाउन बारम्बार प्रयास गर्ने क्रममा दिल्ली गए । देशभित्र पनि प्रधानमन्त्री बनाउने पहल बारे उनको प्रयासप्रति सार्वजनिक कार्यक्रममै आभार प्रकट गरे । नेपालको प्रधानमन्त्री बनाउन भारतीय राजनीतिको भूमिका रहन्छ भन्ने नेपाली राजनीतिप्रतिको सदावहार लाञ्छनालाई पुष्टि गर्ने प्रधानमन्त्रीको अभिव्यक्ति दुर्भाग्यपूर्ण भन्नुपर्छ । स्वतन्त्र र सार्वभौम देशको प्रधानमन्त्री जस्तो गरिमामय पदमा बसेको व्यक्तिलाई म को हुँ ? कुन पदमा छु ? अहिले म कुन हैसियतमा र कुन विषयमा बोल्दै छु भन्ने न्यूनतम् ख्याल नभएको विषयले देशका सबै नागरिक लज्जित भएको विषय लेख्नसमेत लज्जास्पद हुँदाहुँदै विषयवस्तुलाई प्रष्ट पार्न लेख्न बाध्य भएँ । नेपालको सार्वभौम संसद् र नेपाली जनताको स्वाभिमान र प्रतिष्ठासँग जोडिएको गरिमामय संसद्को यो हदको बेइज्जती सायद नै इतिहासमा भएको थियो, न भोलि पनि हुन सक्छ ।

सार्वभौम संसद्को बहुमतबाट निर्वाचित प्रधानमन्त्रीले प्रधानमन्त्री बनाउन प्रयास गरेको भनेर भारतीय मूलका ट्रकका ड्राइभरलाई सार्वजनिक कार्यक्रममा श्रेय दिनु भनेको सम्पूर्ण नेपाली जनता लज्जित हुनु हो । स्वाभिमानी नागरिकको रूपमा आफैंलाई नियाल्दा भने प्रधानमन्त्री स्वयंले लज्जानुभूति गर्नुपर्छ । देशको प्रधानमन्त्रीले आवेगमा, लहडमा वा भावुक भएर जनता, संसद् र देशको प्रतिष्ठालाई आघात पर्ने भाषा किमार्थ बोल्न पाइँदैन । बोली र गोली फिर्ता हुँदैन तसर्थ यो विषय पद त्यागबाहेक माफी दिने र लिने विषय राष्ट्रिय लज्जा हो । दुर्भाग्य के हो भने सम्माननीय प्रधानमन्त्रीज्यूको सार्वजनिक अभिव्यक्ति व्यक्तिगत हुँदैन । यस्ता विषयलाई पार्टीका कोणबाट मात्रै एकांकी दृष्टिकोण हुनेहरूले मर्म पहिल्याउने क्षमता गुमाएका हुन्छन् । जहाँ निहित स्वार्थ लुकेको छ त्यहाँ न्याय, निष्पक्षता, सत्य, नैतिकता र विवेक हराउँछ । निष्पक्षता, विवेक, सत्य र न्यायको शत्रु व्यक्तिगत स्वार्थ हो । नेपाली राजनीति र नेपाली समाजलाई नै व्यक्तिगत स्वार्थले प्रदुषित गरेको छ । राज्यका सबै निकायमा स्वार्थान्धको संक्रमण कहालीलाग्दो छ । राजनीतिमा व्यक्तिगत स्वार्थले राष्ट्रिय स्वार्थलाई अलपत्र पार्छ । अहिलेको राजनीति व्यक्तिगत स्वार्थको अगाडि राष्ट्रिय स्वार्थ लज्जवती भएको अवस्था हो । स्वार्थलाई एकछिन पन्छाएर सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूले पुस्तक विमोचनमा दिएको अभिव्यक्तिलाई स्वाभिमानी नागरिकको कोणबाट हेर्नुभयो भने सबै नेपाली लज्जित भएको स्वयंलाई अनुभूति हुन्छ । हुन त नेपाली राजनीतिको विशेषता लज्जाहीनता भएको छ । यदि लज्जित हुन जानेको भए र जवाफदेही हुने संस्कार र संस्कृतिको विकास भएको भए अहिले सत्तामा हुनेहरूमात्रै होइन प्रमुख प्रतिपक्षको नेतृत्व पंक्तिमा हुनेहरू पनि जेलमा हुन्थे । यहाँ निर्लज्जता, धोखाधडी, भ्रष्टाचारलाई राजनीति भन्ने र त्यसको आधारमा राजनीति गर्नेहरू राजनीतिज्ञ ठहरिने अवस्थाले राजनीतिमा निर्लज्जता, धोकाधड, भ्रष्टाचारजस्ता विषय अहिले राजनीतिको आदर्श र पर्यायवाची शब्द भएका छन् । सत्तामा र प्रतिपक्षमा सीमित दलबीच आलोपालो, गठबन्धनको संस्कृतिले विकृतिलाई ढाक्ने, सत्तारुढ हुँदा लुट्ने प्रवृत्ति, संस्कृति नै नेपाल र नेपालीको दुर्भाग्यको परिणाम हो । ठूला पार्टीहरूको संसद्मा भ्रष्टाचारको कारबाहीको स्वर र भाषा भ्रष्टाचार गर्ने अवसरबाट वञ्चित भएको असन्तुष्टि सिवाय विकृति रोक्ने चिन्ता र चासो हुँदै होइन ।

राजनीतिमा नैतिकता, इमानदारी, विवेक, ज्ञान, चेतनाको कति खडेरी छ भनेर यस्ता घटनालाई जोडेर समीक्षा र अनुसन्धान गर्ने हो भने हाम्रो राजनीतिले अध्ययन र अनुसन्धानका लागि अनगिन्ती विषय दिन सफल भएको छ । यसलाई उपलब्धि भन्ने कि ? असफलता भन्ने कि ? दुर्भाग्य ! प्रधानमन्त्रीको भाषणमा भएको त्रुटिलाई प्रमुख प्रतिपक्षी दलले सदनलाई अवरोध गर्नुपर्ने अवस्था भनेको प्रधानमन्त्रीको अपरिपक्वता र अविवेकको प्रमाण हो । प्रतिपक्षले सदन अवरोध सुधारको दृष्टिकोणले भन्दा प्रतिशोधको दृष्टिकोणबाट गर्ने अर्को रोग छ । यहाँ अनौठो के छ भने अनुचितलाई अनुचित भन्नेहरूसँग स्वार्थ छ । अनुचितलाई उचित भनेर मित्था तर्क गर्नेसँग निहित स्वार्थ हुनु स्वाभाविक हो । हाम्रो राजनीति फगत स्वार्थको टकरावमा छ न कि नीति, सिद्धान्तमा । विरोध गर्ने र समर्थन गर्नेको स्वार्थको माखेसाङ्लोमा र यस्तै अनुत्पादक विषयमा संसद् सधैं रुमलिएको छ । आफ्नाले जति गलत गरेपनि ठीक भन्ने संस्कार र अर्कोले राम्रो गरेको छ भने पनि त्यसलाई ठीक भन्न नसक्ने स्वार्थमा रुमलिएको राजनीतिमा सामान्य जनताले को ठीक र को बेठीक छुट्याउन नै नसक्ने अर्को दुर्भाग्यपूर्ण अवस्थाबाट नेपाली राजनीति गुज्रेको छ । प्रधानमन्त्री जस्तो गरिमामय पदमा बहालमा रहने मानिसले मैले बोल्न जानिन् भनेर सदनमा उभिएर जवाफ दिनुभनेको प्रधानमन्त्रीको राजनीतिक आत्मसमर्पण हो । पद पाउन र पद जोगाउन जे पनि बोल्ने, जोसँग मिल्ने चरित्रले राजनीति र राजनेताहरू इतिहासमै अविश्वसनीय बनेको विषय भ्रष्टाचारभन्दा खतरा रोग भयो । यो निष्ठाको र नैतिकताको लिलामी हो । भर्खरै सम्मानित राष्ट्रियसभामा भएको अर्को घटनाले पनि फेरि सबै नेपालीहरूको शिर निहुरिएको छ । खासगरी जीवनभर आफूले प्राध्यापन पेशामा बिताएको हुनाले विश्वविद्यालयमा अध्ययन गरेका मन्त्री र मानीयहरूको बौद्धिक क्षमताको यो हदको उपहास र लिलामी कल्पनाभन्दा बाहिरको विषय हो । यो कसरी घट्यो ? यसबारे शिक्षासँग सम्बन्धित सरकारका पेशेवर विज्ञहरूले समीक्षा, विश्लेषण, अनुसन्धानबाट अबको शिक्षा नीति कस्तो बनाउने भन्ने विषयमा पूर्वतयारी गर्नुपर्ने देखियो । घटना हो मन्त्रीज्यूद्वारा राष्ट्रियसभामा पेश भएको विधेयक । विधेयकलाई कुनै सदनमा पेश गर्नुपूर्व त्यसबारे सम्बन्धित निकायका अधिकारीबीच मन्त्रीज्यूको उपस्थितिमा गहन छलफल हुन्छ । त्यसपछि मात्रै विधेयक सदनमा प्रस्तुत हुन्छ । केही दिनअघि राष्ट्रियसभामा मन्त्रीज्यूले विद्युतीय विधेयक प्रस्तुत गर्नुभयो । त्यसअघि त्यसको विषयवस्तु बारे राष्ट्रियसभाका अध्यक्ष पनि जानकार हुनैपर्छ । राष्ट्रियसभामा विधेयक पेश गर्न अनुमति दिने र विधेयक पेश गर्ने दुवैले विधेयकको अध्ययन गर्ने उनीहरूको जिम्मेवारी र धर्म हो । प्रस्तुत विधेयक कसैले अध्ययन नगरेको कुरा मन्त्रीज्यूको अभिव्यक्तिले पुष्टि भयो । अध्ययन नगरिकन विधेयक पेश गर्ने अनुमति दिने अध्यक्ष, अध्ययन नै नगरिकन सदनमा विधेयक पेश गर्ने मन्त्री र बुझ्दै नबुझिकन छलफलमा भाग लिने माननीयलाई के भनेर सम्बोधन गर्ने ? यसको छिनोफानोको जिम्मा पाठकलाई नै । राष्ट्रियसभाका अध्यक्ष, मन्त्री र माननीयहरूले गरेको विषयभन्दा बाहिरको छलफल कमजोरीमात्रै नभएर लापरबाही हो । यो दुर्भाग्यपूर्ण घटना हो । विधेयक पेश गर्न अनुमति दिने र पेश गर्ने र छलफलमा भागलिने सबैले विधेयकको विषयवस्तु नबुझ्नु आफैंमा आठौं आश्चर्य भन्नुपर्छ ।

उपल्लो सदनका बौद्धिक माननीयहरूले पनि विद्युतीय विधेय र विद्युतसम्बन्धी विधेयकको भाषा नै नबुझी छलफल गरे । हाम्रा जिम्मेवार कति क्षमताशून्य, विवेक शून्य छन् भन्ने कुरा सार्वजनिक मात्रै भएन प्रमाणित भयो । यो जघन्य लापरबाहीको विषय सदनमा उठेपछि दोषी को ? त्यसको छानविन र दोषी दण्डित किन नहुने ? कानुनी राज्यमा व्यक्तिको भन्दा कानुनको भूमिका बढी हुन्छ । कानुनको प्रयोगमा व्यक्ति निष्पक्ष, निर्मम हुनुपर्छ । यहाँ निष्पक्षता र निर्मम बन्ने क्षमता गुमाएका सरकारमा, प्रतिपक्षमा, सदनमा छन् । कानुनको निर्मम प्रयोग हुने बित्तिकै सबै दण्डित हुनुपर्ने अवस्थाका कारण जस्तोसुकै अपराध भए पनि दलका शीर्ष नेताहरू बीच कसैलाई कसैले दण्डित नगर्ने सहमतिका कारण अहिले राजनीतिमा हुनेहरू कोही दण्डित हुँदैनन् । विद्युतसम्बन्धी विधेयक र विद्युतीय विधेयकको बीचमा भिन्नताको ज्ञान नहुने मन्त्री र माननीयबाट विकास, समृद्धि र कानुनी शासनको यदि अपेक्षा जनताले गरेका हुन् भने यो अपेक्षा आफैंमा मुर्ख्याइँ हो । यति विवेक र ज्ञानशून्यहरू मन्त्री र माननीय छन् भन्ने बुझेको प्रशासनले यी ज्ञान, विवेक र योग्यतामै प्राय: सधैं प्रश्नचिह्न लागेकालाई किन टेर्ने ? कसरी हाम्रो प्रशासन प्रभावकारी हुने ? अयोग्य राजनीतिज्ञ र योग्य प्रशाशक बीचको मतभिन्नता विकास र समृद्धिका वास्तविक बाधक हुन् ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : खानपिनले मन लोभ्याउनेछ । रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ। | **तुला** : मन मिल्ने साथीको सहयोग र हौसला मिल्नेछ। यात्राको योग रहेको छ । |
| **बृष** :नयाँ भौतिक साधनको योजना बन्ला। पारिवारिक रमाइलो समेत हुनेछ । | **बृश्चिक** : तनाव बढेको महशुस हुनेछ । स्वास्थ्य प्रति सजग रहन जरूरी छ । |
| **मिथुन** : रचनात्मक कार्यमा मन जानेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । | **धनु** : कुनै न कुनै कुराले मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ। |
| **कर्कट** : मित्रहरूले दिएको वचन फेरिन सक्छ। फजुल खर्चले चिन्ता बढाउनेछ । | **मकर** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ । |
| **सिंह** : व्यवसायको सन्दर्भमा नयाँ योजना बन्नेछ । सन्तानबाट सुख मिल्नेछ । | **कुम्भ** : पारिवारिक कार्य बोध हुनेछ । नयाँ रचना र ज्ञानमा प्रगति हुनेछ । |
| **कन्या** : धार्मिक कार्यमा सरिक हुने पाइने छ । नयाँ काम प्रस्ताव आउनेछन् । | **मिन** : काम नबन्नाले दिक्क लाग्नेछ। व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । |

# सुस्तायो फिल्म बजार : निर्माण घट्नुको कारण निरन्तर फ्लपको शृंखला कि आर्थिक मन्दी ?



**सुशील नेपाल :**
कोरोना महामारीअघि वर्षमा १०० को हाराहारीमा नेपाली फिल्म प्रदर्शनमा आउँथे । अघिल्लो वर्ष प्रदर्शन हुने फिल्मको संख्या जम्मा ४९ मात्रै रह्यो । जुन कोरोनाअघिका वर्षको तुलनामा ५० प्रतिशतभन्दा कम हो । यस वर्ष त्यो संख्या अझ घट्न सक्ने अनुमान गरिएको छ । साउनको तेस्रो हप्तासम्म आउँदा डेढ दर्जन फिल्महरू पनि प्रदर्शनमा आएका छैनन् । ‘राजागञ्ज’, ‘हात्तीछाप’ लगायतका एकाध फिल्म मात्र यतिबेला छायांकनमा छन् । चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली कोरोना महामारीले समस्यामा परेको फिल्म क्षेत्र यतिबेला फेरि सुस्ताएको बताउँछन् ।

प्रदर्शनमा आएका एकपछि अर्को फिल्म असफल हुनु, सबैतिर आर्थिक मन्दी छाउनु लगायतका कारणले फिल्म क्षेत्रमा उत्साह नदेखिएको उनले बताए । उत्साह घटेसँगै पछिल्लो समय फिल्म निर्माण पनि घट्दो छ । पराजुलीको बुझाइमा यतिबेला फिल्म निर्माण झण्डै आधा घटेको छ । ‘फिल्मको व्यापारमा मन्दी छँदैछ । त्यो मन्दीभन्दा ठूलो यतिबेला आर्थिक मन्दी छ,’ पराजुलीले भने, ‘कुनै व्यक्तिले फिल्ममा पैसा लगाउँछु भन्ने सोचिरहेको छ तर उसको अरु व्यवसायमा मन्दी भएकाले फिल्म निर्माणलाई होल्डमा राखेको पाइन्छ ।’

*अघिल्लो वर्ष प्रदर्शन हुने फिल्मको संख्या जम्मा ४९ मात्रै रह्यो । जुन कोरोनाअघिका वर्षको तुलनामा ५० प्रतिशतभन्दा कम हो । यस वर्ष त्यो संख्या अझ घट्न सक्ने अनुमान गरिएको छ । साउनको तेस्रो हप्तासम्म आउँदा डेढ दर्जन फिल्महरू पनि प्रदर्शनमा आएका छैनन् । ‘राजागञ्ज’, ‘हात्तीछाप’ लगायतका एकाध फिल्म मात्र यतिबेला छायांकनमा छन् । चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली कोरोना महामारीले समस्यामा परेको फिल्म क्षेत्र यतिबेला फेरि सुस्ताएको बताउँछन् । प्रदर्शनमा आएका एकपछि अर्को फिल्म असफल हुनु, सबैतिर आर्थिक मन्दी छाउनु लगायतका कारणले फिल्म क्षेत्रमा उत्साह नदेखिएको उनले बताए । उत्साह घटेसँगै पछिल्लो समय फिल्म निर्माण पनि घट्दो छ । पराजुलीको बुझाइमा यतिबेला फिल्म निर्माण झण्डै आधा घटेको छ । ‘फिल्मको व्यापारमा मन्दी छँदैछ । त्यो मन्दीभन्दा ठूलो यतिबेला आर्थिक मन्दी छ,’ पराजुलीले भने, ‘कुनै व्यक्तिले फिल्ममा पैसा लगाउँछु भन्ने सोचिरहेको छ तर उसको अरु व्यवसायमा मन्दी भएकाले फिल्म निर्माणलाई होल्डमा राखेको पाइन्छ ।’*

वैशाखमा प्रदर्शनमा आएको ‘जारी’ पछिका कुनै पनि फिल्मले राम्रो कमाइ गर्न सकिरहेका छैनन् । अपेक्षा गरिएको फिल्मले पनि दर्शक तान्न नसक्दा निर्माता पनि झस्किरहेका छन् । ‘अहिले एकाध फिल्महरू मात्रै फ्लोरमा छन् । धेरै प्राविधिकहरू खाली छन्,’ पराजुलीले भने, ‘पहिलेको तुलनामा फिल्म निर्माण ४०-५० प्रतिशतले नै घटेको पाएको छु ।’ हलमा दर्शक पुग्न नसक्नुमा कन्टेन्टले अपिल गर्न नसकिरहेको पराजुलीले बताए ।

फिल्म नचल्नुमा मुख्य कारण कमजोर कन्टेन्ट रहे पनि आर्थिक मन्दीको प्रभाव पनि रहेको उनले बताए । अहिले दर्शकको स्वाद फेरिएको बताउँदै त्यही अनुसारका फिल्महरू आउनुपर्ने धारणा उनी राख्छन् । ‘दर्शक नै हलमा नआउने होइनन् । राम्रो फिल्म बन्ने हो भने दर्शकको आकर्षण फेरि बढ्छ,’ उनी भन्छन्, ‘फिल्म चल्न थाल्यो भने निर्माण पनि बढ्नेछ ।’ चलचित्र निर्माता संघमा फिल्म निर्माणका लागि सिफारिस चाहियो भनेर पुग्नेहरू पनि हिजोआज ह्वात्तै घटेका छन् । ‘विगतमा सिफारिस लिन आउनेहरूको संख्या बाक्लो हुन्थ्यो,’ संघका अध्यक्ष नवल खड्का भन्छन्, ‘पहिलेको तुलनामा अहिले आधाभन्दा कम छ ।’ उनले पनि आर्थिक मन्दीको असर फिल्म क्षेत्रमा परिरहेको बताए । खड्काको निर्माण एवं निर्देशनमा बनेको फिल्म ‘काँडेतार’ आगामी फागुनमा प्रदर्शनमा आउँदैछ । अहिले फिल्म नचलिरहेको माहोल र आर्थिक मन्दीको प्रभावलाई हेरेर नै आफ्नो फिल्मलाई फागुनमा पुर्‍याएको उनी बताउँछन् ।

निर्माताहरू घोषणा गरिसकेका फिल्मको छायांकनलाई पनि पछाडि धकेलिरहेका छन् । असार-साउन फिल्म क्षेत्रका लागि अफसिजन मानिने पनि कतिपय फिल्मकर्मीले बताउने गरेका छन् । भदौमा आशा गरिएका फिल्महरू प्रदर्शनमा आउने र फिल्म क्षेत्र लयमा फर्किने आशा भने फिल्मकर्मीको छ । अग्रज अभिनेता सरोज खनाल नेपालमा बनिरहेका फिल्म संख्यात्मक हिसाबले दर्शकलाई बढी भएको धारणा राख्छन् । वर्षमा ५२ वटासम्म फिल्म भए पुग्ने उनको भनाइ छ । ‘हेर्ने दर्शक पहिले जत्तिकै हुन् । बरु त्योभन्दा घट्दैछन् । युवाजति विदेश गइरहेका छन् । घरका बूढाबूढी, आमाबुवाले कति फिल्म हेर्छन् र ! केटाकेटीले कति फिल्म हेर्छन् र ! दर्शक घट्दैछन्, फिल्म बढ्दैछन्,’ खनालले भने । धेरै फिल्महरू घाटामा गइरहेको अवस्थामा मिलेर लगानी गर्न उनी निर्माताहरूलाई सुझाव दिन्छन् । यसमा फिल्म सम्बन्धी छाता संगठनहरूले भूमिका खेल्नुपर्ने उनी बताउँछन् । २ देखि ४ जना मिलेर लगानी गर्दा संख्या कम हुन आउने र फिल्म नचले निर्मातालाई धेरै भार पनि नपर्ने सरोजको धारणा छ । सबैजना मिलेर राम्रो फिल्म बनाउन सके यो क्षेत्रलाई फाइदा पुग्ने उनले बताए । ‘हामी मिलेर जाऔं । फिल्म संख्या घटाऔं, राम्रो बनाऔं,’ उनले भने ।

*-लोकान्तर डटकम*

# सलोनसँग मेरो स्वभाव मिल्छ : केकी



अभिनेता सलोन बस्नेतले बाल कलाकारको रुपमा फिल्ममा अभिनय गर्दा अभिनेत्री केकी अधिकारी बाल्यकालकै अवस्थामा थिइन् । त्यसबेलाका सुपरस्टारहरुसँग सलोनले काम गरेका फिल्म उनले प्राय: हेरेकी छन् । उनको ‘चाइल्ड स्टार’ थिए, सलोन । उनलाई सलोनले बाल्यकालमा खेलेका फिल्महरु मात्र होइन, अभिनेता राजेश हमालसँग अन्तर्वार्ता दिँदाको अभिव्यक्ति समेत कन्ठस्थ छ ।

अहिले उनै सलोनसँग जोडी बाँधिएर केकीले फिल्म ‘जय हो’मा काम गरेकी छन्, जुन आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउँदैछ । उनीहरुको पहिलो पटक सहकार्य भएको हो । आफ्नो बाल्यकालको ‘चाइल्ड स्टार’सँग काम गर्न पाउनु केकीका लागि आफैंमा खुसीको क्षण थियो । सलोनसँग पहिलो पटक फिल्ममा सहकार्य भएता पनि त्यो महशुस भने कहिल्यै नभएको उनको अनुभव छ । उनी भन्छिन्, ‘एउटा राम्रो कलाकारसँग काम गर्दाको राम्रो पक्ष भनेको त्यसले तपाईंकै काममा निखारता ल्याउँछ । सलोनसँग यही महसुस हुन्छ मलाई । कहिले पनि पहिलोचोटी काम गरेको जस्तो लागेन । फिल्ममा कति धेरै रोमान्टिक सिनहरु छन् तर अप्ठ्यारो महसुस भएन । हामी दुवैमा व्यावसायिकता भएर पनि होला । सधैं क्यारेक्टर र फिल्मको बारेमा नै सोच्ने हाम्रो स्वभाव पनि मिल्ने ।’ प्राय: फिल्ममा सहायक चरित्रमा सीमित सलोनलाई मुख्य नायकको रुपमा चल्न ‘जय हो’को सफलता अनिवार्य रहेको टिप्पणी हुँदै आएको छ । तर, केकी यसखालको मापदण्डमा कलाकारलाई पार्न नहुने तर्क राख्छिन् । एउटा राम्रो कलाकार दुई सिनकै लागि भए पनि इमानदारपूर्वक काम गर्नु नै रहेको उनको भनाई छ । सलोनले यसपटक पनि आफूलाई प्रमाणित गर्ने उनको विश्वास छ । कथा मिठो भएकाले ‘जय हो’मा आफू जोडिएको उनी बताउँछिन् । ट्रेलरमा कथालाई लुकाइएको उनको तर्क छ ।

‘ट्रेलरमा हामीले जानीजानी नै कथालाई भनिएको छैन । कथा यति मिठो छ, जसले मलाई तान्यो । तर, ट्रेलरमा हामीले त्यसलाई देखाउन सकेनौं । फिल्म हेरेपछि दर्शकलाई ट्रेलरभन्दा धेरै माथि रहेछ भन्ने लाग्छ,’ उनले भनिन् । फिल्मलाई टेक पौखरी राईले निर्देशन गरेका हुन् ।

*-फिल्मी खबर डटकम*

# ‘हामी बाँचिरहेको समाज आफैंमा ‘कन्फ्युज’ लाग्छ’




गायक प्रकाश सपुतले संगीत सिर्जनामार्फत आफूले समाजका घाउ निचोर्ने प्रयास गरेको बताएका छन् । हिमालय टिभीबाट प्रसारण हुने कार्यक्रम ‘अँध्यारोबाट उज्यालोतिर’मा अन्तर्वार्ता दिँदै उनले आफ्ना कतिपय सिर्जनामा समाजमा यो चाहिं नभईदिए हुन्थ्यो भन्ने आग्रह हुने र कुनैमा समाज यस्तो छ भनेर देखाउने प्रयास गर्ने बताए । प्रकाशले नेपाली समाज आफैंमा ‘कन्फ्युज’ लाग्ने समेत उनको धारणा छ । ‘म त्यो समाजमा जन्में, जसले मलाई हार्दिकता पनि प्रकट दियो, दु:ख-सुखमा सहयोग पनि गर्‍यो । नुन, तेल, चामल पैंचो पनि दियो । मेरो बाबा विदेश जाँदा ऋण पनि हालिदियो । मर्दापर्दा साथ पनि दियो, हामी एउटै समाजको मान्छे है पनि भनेर ढाडस दिने प्रयास गर्‍यो,’ उनले भने, ‘तर त्यही बीचमा उसले मलाई अपमान पनि गर्‍यो, तिरस्कार पनि गर्‍यो । विभेद पनि गर्‍यो, उसले मलाई तँ हामीसमान होइनस् है भन्ने अनुभूति पनि दिलायो । त्यसकारण हाम्रो समाज नै एक खालको कन्फ्युज जस्तो देखिन्छ ।’

उनले आफू पनि त्यस्तै अस्पष्टतामा हुर्के-बढेको हुँदा आफ्ना गीत र सिर्जनामा पनि त्यस्तै प्रतिविम्बित भएको हुन सक्ने बताए । ‘म पनि त्यही कन्फ्युजनमा हुर्कें, द्वेधखालको मानसिकतामा म हुर्कें । समाजलाई राम्रो मानौं कि नमानौं कि भन्ने भइरह्यो । आफ्नो सम्झिऊँ कि नसम्झिऊँ भन्ने मानसिकतामै मेरो बाल्यकाल र युवाकालको सुरुवाती अवस्था बित्यो,’ प्रकाशले भने, ‘सिर्जनामार्फत अहिलेको परिवेशबाट मान्छेलाई बुझाउने प्रयत्न हो ।’ उनले ‘बोलमाया’ र ‘गलबन्दी’मा समाज सहयोगी छ है भनेर देखाएको र ‘दमाई महाराज’मा त्यही समाजले विभेद पनि गरेको छ भन्ने चित्रण गर्ने प्रयास गरेको बताए । उनले आफ्ना सिर्जनाको उद्देश्य नै आदर्श समाज निर्माणका लागि प्रेरित गर्नु रहेको उनको भनाइ छ । प्रकाशले कुनै पनि सिर्जनामाथि बहस र विमर्श हुन आवश्यक रहेको बताए । ‘लोकतान्त्रिक-गणतान्त्रिक व्यवस्थामा समाजका कुरा बोल्न पाउने, आलोचना र समीक्षा गर्ने पाउने, सबैको अस्तित्व स्वीकार्ने, सबैको विचार स्वीकार्ने होला नि ?’ उनले भने । प्रकाशले हरेक सिर्जनालाई विम्बात्मक ढंगले बुझिदिन पनि आग्रह गरे ।

*-अनलाइन खबर डटकम*

# रामबाबुको ‘डिग्री माइला’ २०८१ को नयाँ वर्षमा रिलिज हुने




नेपाली कथानक चलचित्र ‘डिग्री माइला’ २०८१ को नयाँ वर्षमा रिलिज हुने भएको छ । रामबाबु गुरुङले निर्देशन गर्ने चिलचित्र ‘डिग्री माइला : एमए थर्ड क्लास’को निर्माण पक्षले रिलिज डेट सार्वजनिक गर्दै नयाँ वर्षको छेको पारेर आउने जानकारी दिएको हो ।

निर्माण पक्षले कास्ट एन्ड क्रु भने सार्वजनिक गरेको छैन । निर्माण पक्षले औपचारिक रूपमा जानकारी नदिए पनि यो सिनेमाका मुख्य भूमिकामा दयाहाङ राई हुने बताइएको छ । चलचित्र कमेडी ड्रामा जानरामा बन्ने निर्देशक रामबाबु गुरुङले बताएका छन् । ‘डिग्री माइला’ नाटकमा आधारित रहेका बन्न लागेको चलचित्र हो । यो नाटकको मुख्य भूमिकामा दयाहाङ राई थिए ।

*-बाह्रखरी डटकम*

# उत्तरवाहिनीमा एक सय आठ धारा बन्दै




**गल्याङ,** साउन ३०/यहाँस्थित प्रसिद्ध उत्तरवाहिनी क्षेत्रमा एक सय आठ धारासहित विशाल शङ्खे, हिमाल, गुफा, मुक्तिनाथ भगवानको प्रतिमालगायतका संरचना बन्ने भएको छ । एक सय आठ धारा निर्माण भइरहेका छन् ।

स्याङ्जाको गल्याङ नगरपालिका-१ स्थित महालिङ्गधाम भनेर चिनिने ऐतिहासिक शङ्खे पीपल परिसरमा गुफाभित्र झरना, ध्यानस्थल, देवीदेवताका प्रतिमा लगायतका संरचना निर्माण गरिने मुक्तिनाथ धाम निर्माण समितिका संयोजक जगदीश गैरेले जानकारी दिए । उनका अनुसार ७५ मिटर लामो गुफाको प्रवेशद्वारमा शङ्ख र सिंहको प्रतिमा निर्माण हुनेछन् । कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठानका सचिव सोमनाथ न्यौपानेले उत्तरवाहिनी क्षेत्रलाई धार्मिक गन्तव्यको केन्द्र बनाउन यस क्षेत्रका नागरिकको विशेष योगदान रहेको बताए । "धारा, गुफा, प्रतिमासहितका संरचना बनाउन रू ७० लाख बढी खर्चको अनुमान गरिएको छ", उनले भने, "अहिलेसम्म शिला लेखमा नाम लेखिने गरी इच्छुकबाट प्रतिव्यक्ति रू १२ हजारका दरले सहयोग रकम संकलन गरिएको छ ।" प्रतिष्ठानका अध्यक्ष चैतन्यकृष्ण प्रभुले हिन्दू धर्मशास्त्रमा उत्तरवाहिनी र कालीगण्डकीको विशेष महत्व रहेको उल्लेख गर्दै प्रतिष्ठानको संरक्षकत्वमा यहाँ कालीगण्डकी गुरुकुल समेत सञ्चालन गरिएको जानकारी दिए । उनका अनुसार प्राकृतिक अस्पतालसमेत निर्माणाधीन अवस्थामा छ । "उत्तरवाहिनी क्षेत्र पछिल्लो समय धार्मिक एवं पर्यटकीय गन्तव्यका रूपमा चिनिँदै गएको छ । यहाँ देश तथा विदेशबाट धार्मिक पर्यटक कालीगण्डकी स्नानसँगै शालग्राम चक्रशिलाको पूजाका लागि आउने गरेका छन्", प्रभुले भने, "यस क्षेत्र भगवान् रामसहित मार्कन्डेय, मृकण्डु आदिले तपस्या गरेको ठाउँ हो । ऋषि मार्कन्डेयको जन्म पनि यहीँ भएको विश्वास छ ।" यहाँ अद्भुत चक्रशिला, शङ्खको ध्वनि आउने पीपल, एक सय आठ शिवलिङ्ग, करिब दुई सय जना बास बस्न मिल्ने आवास गृह, स्नान गर्न घाटलगायत संरचना भएकाले पनि यसको अत्यन्त महत्व बढ्ेको उनको भनाइ थियो । यहाँ सुन्दर, मनोरम र आध्यात्मिक साधनाका लागि उपयुक्त भएको भन्दै प्रभुले यहाँ कहिलेकाही र्‍याफ्टिङ पनि हुने जानकारी दिए ।

उत्तरवाहिनीमा औँसी तथा कुसे औँसीमा श्राद्ध गर्न आउनेहरूको भीड हुन्छ । वैशाख संक्रान्ति, हरिबोधनी एकादशी, हरिशयनी एकादशी, माघे संक्रान्ति, वालाचतुर्दशी लगायतका विभिन्न तिथि तथा पर्वमा स्नान, पूजा एवं दर्शन गर्न आउनेहरूको भीड लाग्ने गरेको प्रभुले बताए । उनले भने, "कालीगण्डकी महालिङ्गधाममा आइपुगेपछि तीन किलो मिटर उत्तरतर्फ फर्केर बगेकाले यस क्षेत्रलाई उत्तरवाहिनी भनिएको हो । उत्तरवाहिनी धार्मिक दृष्टिकोणले निकै दुर्लभ र महत्वपूर्ण मानिन्छ ।" प्रभुले निकट भविष्यमा यसै क्षेत्रमा मार्कन्डेय ऋषिको प्रतिमा निर्माण गरिने तयारी भइरहेको पनि बताए । उनले यस क्षेत्रको महत्व उजागर गरी धार्मिक पर्यटन प्रवर्द्धनसँगै भौतिक संरचनाको विस्तार गर्दै विश्वभर चिनाउने तथा राष्ट्रलाई आर्थिक क्षेत्रमा योगदान पुऱ्याउने लक्ष्य रहेको स्पष्ट पारे । गल्याङ बजारका व्यवसायी शिशिर पौडेलले उत्तरवाहिनी धार्मिक दृष्टिकोणले अन्य धार्मिक स्थलभन्दा पृथक लाग्ने भएकाले यो अत्यन्त महत्वपूर्ण रहेको बताए । "पैसा खर्च गरेर मुक्तिनाथ जान नसक्नेहरूका लागि मुक्तिनाथबाटै बगेर आएको जलले एक सय आठ धाराबाट स्नान गर्न पाउनु गौरवको विषय हो", उनले भने, "उत्तरवाहिनी क्षेत्रको विकास हुँदा स्याङ्जा, पाल्पा र देशको विकासमा समेत कोसेढुङ्गा साबित हुने विश्वास छ ।" *-रासस*

## खेलकुद समाचार

# स्पेन पहिलो पटक विश्वकप फाइनलमा




**काठमाडौं,** साउन ३०/स्वीडेनलाई २-१ पराजित गर्दै स्पेन महिला विश्वकप फुटबलको फाइनलमा प्रवेश गरेको छ । ८१ औं मिनेटसम्म गोलरहित बराबरी भएको खेलमा त्यसपछि ८ मिनेट भित्र ३ गोल भएको थियो ।

स्पेनकी साल्मा चेलेस्टी एइङ्गोनोले ८१ औं मिनेटमा गोल गर्दै टिमलाई अग्रता दिलाएकी थिइन् । तर त्यो अग्रता स्पेनले ७ मिनेटपछि गुमाएको थियो । ८८ औं मिनेटमा लिना हार्टिगको हेडर असिस्टमा रेबिक्का ब्लोम्क्लोभिटले गोल गर्दै खेल बराबरी गरिन् । तर स्पेनले त्यसको एक मिनेट पनि नबित्दै फेरि अग्रता बनायो । ८९ औं ओलगा कार्मोनाले कर्नरबाट आएको बललाई पोष्टको दिशा दिइन् । उनले हानेको बल पोष्ट बारमा ठोकिँदै गोल भएको हो । त्यसपछि थप गोल हुन नसकेपछि स्पेन पहिलो पटक विश्वकप फाइनल पुगेको हो । स्पेनले अष्ट्रेलिया वा इङ्ल्यान्ड मध्ये एकसँग फाइनल खेल्ने छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा लाग्यो ओरालो



**पाल्पा,** साउन ३०/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा ओरालो लागेको छ । मंगलबार नेप्स परिसूचक ३१ दशमलव ८० अंकले ओरालो लागेर दुई हजार ४५ दशमलव ४४ अंकमा झरेको हो ।

विभिन्न कम्पनीका दुई सय ७८ कम्पनीको ५६ लाख तीन हजार एक सय ७९ कित्ता शेयर ६१ हजार तीन सय ४१ पटक खरिदबिक्री हुँदा दुई अर्ब १५ करोड ७३ लाख १२ हजार तीन सय ६९ रुपैयाँ बराबरको कारोबार भएको छ । मंगलबारको कारोबारपछि म्युचुअल फन्ड समूहको उपसूचक चार दशमलव २८ अंकले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह दुई सय ४२ दशमलव ७० र जीवन बीमा समूह दुई सय चार दशमलव २८ अंकले घटेको छ । बैंकिङ ११ दशमलव ९७, विकास बैंक ७३ दशमलव १८, वित्त ३९ दशमलव ८४, होटल तथा पर्यटन एक सय २३ दशमलव ६९ र जलविद्युत ५१ दशमलव ३३ अंकले घटेको छ । लगानी समूह शून्य दशमलव ८१, लघुवित्त ४० दशमलव १६, निर्जीवन बीमा एक सय ८४ दशमलव २१, व्यापार १४ दशमलव ४१ र अन्य समूहको उपसूचक १३ दशमलव ८९ अंकले घटेको छ ।

कारोबारपछि इमर्जिङ नेपाल लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै पाँच दशमलव १८ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा हिमालयन डिस्टिलरी लिमिटेडको शेयर मूल्य सात दशमलव ६९ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन डिस्टिलरी लिमिटेडको २० करोड ५५ लाख ९४ हजार ३२ रुपैयाँ बराबरको शेयर किनबेच भएको छ । किनबेच भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै शिवम् सिमेन्टको तीन लाख २५ हजार दुई सय ३५ कित्ता किनबेच भएको छ ।


**कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा**

**विज्ञापन दररेट परिवर्तन भएको सूचना**

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन दररेट**

**साधारण तर्फ**

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

**सरकारी तर्फ**

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

**डिस्प्ले**

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

**अन्य**

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**कैलाशनगर मिडिया प्रा.लि.**

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१



**प्रकाशन तथा प्रसारण संघ, लुम्बिनीको**

**सूचना**

लुम्बिनी प्रदेश भरी छरीएर रहेका विभिन्न छापा माध्यम, इलेक्ट्रोनिक्स तथा अनलाईन प्रकाशन तथा प्रसारणहरूलाई समेट्दै उनीहरूको हक, हित र वृत्ति विकासको लागी आवाज उठाउदै क्षेत्रगत विकास र थप सीप क्षमताको विकास गरी रोजगारी सिर्जना गर्ने उद्देश्यले अभिप्रेरीत भई सबैलाइ एउटै सुत्रमा समेट्ने र यस व्यवसाय मार्फत समग्र राष्ट्र निर्माणमा योगदान गर्नुपर्ने खांचोलाई महशुस गर्दै व्यवसायको समुन्नत विकास तथा व्यवसायीहरूको सहज जीवनयापन, हक अधिकार कायम गर्दै पेशागत सुरक्षाको लागी स्थापना भएको प्रकाशन तथा प्रसारण संघ, लुम्बिनीले निम्न मिति, स्थान र समयमा मिडिया सम्मेलनको आयोजना गरीएको हुँदा छापा माध्ययम, टेलिभिजन, रेडियो र अनलाईन सञ्चार प्रतिष्ठानका प्रकाशक तथा सञ्चालकहरूलाई सहभागिताका लागि जानकारी गराईन्छ।

मिति : २०८० भाद्र १ गते, शुक्रबार
स्थान : होटल पौवा, योगीकुटी, तिलोतमा
समय : दिनको २:०० बजे

**माधव नेपाल**
सचिव
९८५७०२१४०२

**नवराज कुँवर**
अध्यक्ष
९८५१०४४६२८

पुनश्च : रुपन्देही जिल्ला बाहेकका सहभागिहरूलाई आवासीय व्यवस्था रहेको छ । कार्यक्रममा सहभागिले आफू प्रतिनिधित्व गर्ने सञ्चार संस्थाको प्रकाशक वा सञ्चालक रहेको प्रमाण पेश गर्नु पर्ने छ । एक संस्थाबाट एकजना मात्रै प्रतिनिधि हुनेछ ।



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



नव जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई